रोहिणी गाउँपालिका
Rohini Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
धकधई, रुपन्देही
Dhakdhai, Rupandehi
लुम्बिनी प्रदेश नेपाल
Lumbini Province, Nepal

प.सं./Ref No. ०८०/०८१
च.नं./Dispatch No.

# प्रस्तावना पत्र पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति २०८०/०८/६

रोहिणी गाउँपालिका गाउँ सभाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम अनुसार गाउँपालिका अध्यक्ष बालिका बिमा संचालनमा ल्याएको हुदा तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही नेपाल सरकार द्वारा मान्यता प्राप्त गरेका बिमा कम्पनीले आ-आफ्नो प्रस्तावना यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले १५ पन्ध्र दिन भित्र गोप्य शिलबन्दी गरि प्रस्तावना पत्र पेश गर्नु हुन् सुचित गरिन्छ | समय अवधि नाघी प्रस्तावना पत्र प्राप्त भएमा स्वत; रद्द हुनेछ | गाउपालिका अध्यक्ष बिमा योजना निर्देशिका २०८० रोहिणी गाउपालिकाको वेबसाइटमा राखिएको छ |

शर्तहरु

१-रोहिणी गाउपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा र निजहरुले रेफर गरेकाहरु मध्ये छोरी जन्मिएकालाई मात्र यस बिमा योजनामा आबद्ध गाराउनु पर्नेछ |

२- रोहिणी गाउपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुवाट मासिक रुपमा बिमा गर्नेको तथ्यांक संकलन गरि यस गाउपालिकावाट मासिक रुपमा रकम भुक्तानी गरिनेछ |

३- रोहिणी गाउपालिका भित्रका बासिन्दाहरुलाई मात्र समाबेश गराउनु पर्नेछ |

४- रु.२००००|-( अक्षरेपी बिस हजार मात्र ) एकमुष्ट एक पटकको लागि मात्र प्रिमियम दिईनेछ |

५- बिमा शुल्क भन्दा अन्य कुनै किसिमको रकम दाबी गर्न पाइने छैन |

६-बालिकाको उमेर २० बर्ष पुगे पछी अबिबाहित रहेको सम्बन्धित वडा कार्यालयको प्रमाण सहित गाउ पालिकाको सिफारिसको आधारमा मात्र बिमितलाई भुक्तानी गर्नु पर्ने छ |

७-बिबिध कारण बस बिमितलाई भुक्तानी हुन् नसकेको रकम २० बर्ष पछि रोहिणी गाउपालिकालाई फिर्ता गर्नु पर्ने छ |

८- यस निर्देशिकामा उल्लेख भए बमोजिमका शर्तहरु पालना नभएमा वा कुनै पक्षलाइ असुविधा पर्न गएमा एक आपसमा बसि छलफल गरि समझदारीमा पुग्न सकिनेछ |

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

९-यस गाउपालिकावाट यो योजना खारेज हुने बितिकै यो योजना पनि रद्द हुनेछ ।

१०- हरेक महिना बिमा गरेका विवरण अनुसूची ३ बमोजिमको फर्मेटमा स्वास्थ्य शाखामा उपलब्ध गाराउनु पर्ने छ ।

११-२० बर्ष पछि भुक्तानी हुने बेलामा बिमा कम्पनीको नियमानुसार बिमांक रकम र सोले आर्जन गरेको बोनस सहित एकमुष्ट बिमितलाई भुक्तानी गर्नुपर्ने छ ।

१२- गाउपालिका अध्यक्ष बिमा योजना निर्देशिका २०८० मा उल्लेख भए बमोजिम र अन्य बिषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

पेश गर्नु पर्ने कागजातहरु;-

-; रितपुर्बक आबेदन फारम सम्पर्क नम्बर समेत उल्लेख भएको । -; हालसालै कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि । -; स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि ।-; कम्पनी रजिष्टार्ड प्रमाण पत्रको प्रतिलिपि ।

सम्पर्क गर्ने व्यक्ति -;नाम राम नेवाश प्रसाद चौधरी ,९८४७०२३०५५

Website;- rohinimun gov.np

प्रमुख प्रशासकीय अधिकृत

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत